प्रदेश सरकार
प्रदेश नं. ५
भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
गुल्मी, नेपाल

फोन नं: ०७९-५२०१२६
कार्यालय कोड नं. ३१२०१२५०१५

प.सं.:-०७६/७७
च.नं.:- १६८

दर्ता नं ४८१
२०७६।०८।०५

मितिः २०७६।०८।०५

विषय : सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री रेसुङ्गा, मुसिकोट नगरपालिका, धुर्कोट, इस्मा, चन्द्रकोट, मालिका, मदाने, गुल्मीदरबार, छत्रकोट, सत्यवती, रुरु, कालीगण्डकी गाँउपालिकाको कार्यालय, गुल्मी ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. ०७६/०७७ वार्षिक स्वीकृत कार्यक्रमको सुचना यसै पत्र साथ पठाइएको हुदा तहाँ कार्यालयको सुचना पाटिमा टाँस गरिदिनुहुन अनुरोध छ ।साथै कृषि ज्ञान केन्द्र, गुल्मीमा सञ्चालित कृषि बिकास कार्यक्रम संचालन कार्यविधि, कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना र निवेदनको ढाँचा समेत यसै पत्र साँथ पठाइएको हुदा ईच्छुक उद्यमी कृषक/कृषक समुह/समिति/सहकारी/निजी फर्म/कम्पनीहरुलाई सु-सुचीत गरि प्राप्त सुचना अनुसार तहाँ कार्यालयको कृषि शाखा मार्फत सहजिकरण गरि कार्यक्रम कार्यान्वयनको लागि सिफारिस गरिदिनुहुन समेत अनुरोध छ ।

निमित्त कार्यालय प्र

श्री दर्ता/सूचना प्रविधी शाखा

Website तथा facebook मा अपलोड गरिदिनु हुन।

२०७६।८।५

इमेल: akcgulmi2075@gmail.com वेभसांइट: www.akcgulmi.gov.np टोल फ्रि नं.: 1660795200

प्रदेश सरकार
५ नं. प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गुल्मी, नेपाल

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

<u>कृषि ज्ञान केन्द्र, गुल्मीको सूचना</u>

प्रथम पटक सूचना प्रकाशन मितिः २०७६।०८।०५

कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार कृषि ज्ञान केन्द्र, गुल्मी आ.व. ०७६।०७७ को कृषि तथा पशुपंन्छीजन्य उधोग, यन्त्र तथा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत **<u>नवीनतम प्रविधिमा आधारित साना सिंचाई कार्यक्रम</u>** मा सहभागी हुन ईच्छुक **गुल्मी** जिल्लाका उद्यमी/कृषक/समुह/समिति/सहकारी/निजी फर्म/कम्पनीहरुले अधिकतम अनुदान रकम सीमा रु २५००००।- (अक्षेरुपी दुई लाख पचाँस हजार मात्र) ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले **१५ दिन भित्र** तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी **कृषि ज्ञान केन्द्र, गुल्मी**को कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/ स्थानीय तहको कृषि शाखाबाट समेत प्राप्त गर्न सकिनेछ।

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरुः</u>

१. प्रस्तावकको सक्कल निवेदन
२. समुह/सहकारी/निजि कृषि फर्म/कम्पनिहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
६. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

निमित्त कार्यालय प्रमुख

प्रदेश सरकार
५ नं. प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गुल्मी, नेपाल

# अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

कृषि ज्ञान केन्द्र, गुल्मीको सूचना

## प्रथम पटक सूचना प्रकाशन मितिः २०७६।०८।०५

कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार कृषि ज्ञान केन्द्र, गुल्मी आ.व ०७६।०७७ को कृषि उत्पादन, खाध्य तथा पोषण सुरक्षा कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रममा सहभाग हुन ईच्छुक गुल्मी जिल्लाका उद्यमी/कृषक/समुह/समिति/सहकारी/निजी फर्म/कम्पनीहरुले अधिकतम अनुदा रकम सीमा कार्यविधि अनुसार ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलम उल्लेखित कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, गुल्मीको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धि सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँच प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/स्थानीय तहको कृ शाखाबाट समेत प्राप्त गर्न सकिनेछ।

कार्यक्रमः

१. रैथाने बालीहरुको प्रवर्धन तथा बजारीकरण
२. मौरी विकास कार्यक्रम
३. मौरी चरन क्षेत्र विस्तार कार्यक्रम
४. केरा क्षेत्र विस्तार प्रोत्साहन अनुदान
५. स्थानीय तथा उन्नत जातका आलु प्रवर्द्धन कार्यक्रम
६. मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम
७. बीउ उत्पादन कृषि सहकारी/समुहलाई मूल बीउमा ५० प्रतिशतमा अनुदान सहयोग
८. फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम
९. लिची बगैंचा सुदृढीकरण
१०. पहाडी उखु प्रशोधन सहयोग कार्यक्रम

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरुः

१. प्रस्तावकको सक्कल निवेदन
२. समुह/सहकारी/निजि कृषि फर्म/कम्पनिहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
६. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

निमित्त कार्यालय प्रमु

## अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

निवेदनको ढाँचा

श्री प्रमुख ज्यू, मिति ...............

कृषि ज्ञान केन्द्र, गुल्मी, प्रदेश नं. ५ नेपाल

विषयः ........................................ कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको ब

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति........................................ मा प्रकाशित गरिएको अनुसार ................................................................ कार्यक्रममा सहभागी हुने यो पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा कार्यक्रम सञ्चालन गर्ने निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव गरेका छौं/छु।

संलग्न कागजातहरुः

१. प्रस्तावकको निवेदन
२. समुह/सहकारी/निजि कृषि फर्म/कम्पनिहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र
४. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
५. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
६. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि
११. अनुदानग्राहीले सोहि प्रकृतिको कार्यक्रममा विगत दुई बर्ष भित्र अनुदान रकम दुई लाख वा सो बढी नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने ।

निवेदन

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

## अनुसूची-३

### कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः जिल्लाः

वडा नं. गा.पा./न.पा.

टोल

फर्मको नामः गाउँः

संन्चालकको नामः मो.न.:

१. व्यावसायको परिचयः

२. उद्देश्यहरुः

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः

६. तालिम सम्बन्धी विवरणः

७. सहकार्यमा सञ्चालन गरिने प्रस्ताविक कार्य विवरणः

| क.स. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु. | निजी लगानी रु. | अन्य निकायबाट हुने अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

उपलब्ध जग्गाको क्षेत्रफल ..............................

कार्यक्रमको स्पष्टता ...................................

अपेक्षित वार्षिक प्रतिफल

कार्ययोजना पेश गर्नेः

फर्म/कृषकको नामः

ठेगानाः जिल्ला ............ गा.पा./न.पा........................वडा नं. ....... टोल .............

फर्म सञ्चालन गरिने स्थानः

फर्म/कृषकको तर्फवाट सहि गर्नेको

नामः

दस्तखतः

पदः

मो.न.

## कृषि ज्ञान केन्द्र, गुल्मीमा सञ्चालित कृषि विकास कार्यक्रमहरुको कार्यविधि

| क्र.सं | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नवीनतम प्रविधिमा आधारित साना सिंचाई कार्यक्रम | • प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडि दर्ता भएका कृषक समुह/कृषि तथा बहुउद्देसिय सहकारी संस्था वा निजी फर्म,<br>• सिंचाई कार्यक्रमबाट कम्तिमा २ हेक्टर क्षेत्रमा क्षेत्र विस्तार हुनु पर्ने। | सोलार सिंचाई/थोपा सिंचाई/स्पिंकलर सिंचाई/शुन्य शक्ति सिंचाई प्रणाली/ बर्षा पानी संकलनमा सिंचाई प्रणाली/ प्लाष्टिक पोखरी लगायत बहुपयोगी सिंचाई प्रणाली आदि। | सिंचाई आयोजना निर्माणको लागि खर्च हुने कुल रकममा ७५ प्रतिशत वा अधिकतम २५००००।— मध्ये जुन कम हुन आउछ सो रकम अनुदान दिन सकिनेछ। | |
| २ | बीउ उत्पादन कृषि सहकारी/समुहलाई मूल बीउमा ५० प्रतिशतमा अनुदान सहयोग | • बीउ उत्पादक समुह वा कृषि सहकारी संस्था हुनु पर्ने,<br>• बीउ उत्पादनको लागि बाली लगाउदा न्यूनतम ३ हेक्टर क्षेत्रफल र प्राविधिक दृष्टीकोणले बालीलाई उपयुक्त क्षेत्र तथा बाली अनुसार पृथकता दूरी कायम हुन सक्ने भौगोलिक अवस्था हुनु पर्ने,<br>• उत्पादित बीउ खायनमा प्रयोगमा ल्याउन नपाईने। | • बीउ उत्पादनमा प्रयोग हुने मूल बीउ खरिद/ढुवानीमा सहयोग | बीउ उत्पादनको लागि ल्याईने मूल बीउमा परल मुल्यमा ५० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ। | |
| ३ | केरा क्षेत्र विस्तार प्रोत्साहन अनुदान | • केराको जात, रेखाङ्कन, खाडलको तयारी, मलखाद, बगैंचा व्यवस्थापन आदि प्राविधिक मापदण्ड अनुसार हुनुपर्ने,<br>• जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने,<br>• बाँझो रहेको खेतियोग्य जग्गालाइ प्राथमिकता दिइने,<br>• जग्गाको क्षेत्रफलः-<br>तराईको हकमा<br>• कम्तिमा २ हेक्टरको क्लष्टरमा कम्तिमा ४ वटा बगैंचा हुनुपर्ने,<br>पहाडको हकमा<br>• कम्तिमा १ हेक्टरको क्लष्टरमा कम्तिमा ४ वटा बगैंचा हुनुपर्ने । | • सिंचाइका लागि पम्पसेट, मोटर, पाइप, थोपा सिंचाइ प्रणालीसँग सम्बन्धित सामग्री खरिद,<br>• विडर, स्प्रेयर लगायतका औजार/उपकरण खरिद,<br>• विरूवा रोप्न रेखाङ्कन र खाडलको तयारी (मलखाद समेत),<br>• विरूवा खरिद तथा ढुवानी,<br>• जैविक बन्देज Bio-fencing को कार्य (नीलकाँडा, बाँस, जिङ्गट, असुरो आदि),<br>• अन्तरबाली खेति गरिएको अवस्थामा अन्तरबालीको मल, बेर्ना, बिषादी तथा बाली संरक्षणका सामग्री, | क्षेत्र विस्तारको उल्लेखित क्रियाकलापहरु गर्नको लागि ५० प्रतिशत वा प्रति हेक्टर रु. १ लाखमा नबढ्ने गरी। | |

| क.सं | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ४ | मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम | • कार्यक्रम सञ्चालनको लागि अन्य कार्यक्रमहरुबाट सम्बोधन हुन नसकेको बालीवस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने (च्याउ, अलैंची, अदुवा, बेसार, उखु),<br>• सूचना अवधि भित्र कृषि व्यवसाय सञ्चालनका लागि माग गरिएको आवेदन पत्र हुनपर्ने,<br>• बालीको उत्पादनको हकमा प्रति प्रस्ताव १ हेक्टरको क्षेत्रफल र च्याउ खेतीको लागि न्यूनतम ८०० गोलामा च्याउ उत्पादन गर्नुपर्ने। | कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि बस्तु उत्पादन, सिंचाई, प्रशोधन तथा बजारीकरण। | प्रति स्वीकृत प्रस्ताव ५० प्रतिशत वा १००००० मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध गराउने। | |
| ५ | स्थानीय तथा उन्नत जातका आलु प्रवर्द्धन कार्यक्रम | • प्रस्तावकर्ताले कम्तिमा १ हेक्टर क्षेत्रफलमा व्यवसायिक रूपमा खायन/बीउ आलुको खेति गर्नु पर्ने,<br>• बीउ आलु र स्थानीय खायन आलुको व्यवसायिक उत्पादनलाई विषेश प्राथमिकता दिइने। | • पम्पसेट,मोटर,पाइप,पोखरी, आदि सिंचाइ पूर्वाधार ।<br>• आलु रोप्ने/गोड्ने/खन्ने/ग्रेडिङ्ग गर्ने मेसिन खरिद,<br>• डिजिटल तराजु,प्लाष्टिक क्रेट खरिद,<br>• स्थानीय जातको उत्पादित आलु भण्डारणको लागि भण्डारण भाडा,<br>• पूर्व मूल बीउ/स्थानीय बीउ आलु खरिद,<br>• स्थानीय जातका आलु दर्ताका लागि पाठशाला सञ्चालन,<br>• ग्रेडिङ, ब्राण्डिङ, प्याकेजीङ्ग, लेवलिङमा सहयोग। | कार्यक्रमको लागि कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। | |
| ६ | रैथाने बालीहरुको प्रवर्धन तथा बजारीकरण | • बजार योग्य परिमाणमा उत्पादन हुने क्षेत्रमा ब्लक बनाई कार्यक्रम सञ्चालन गर्ने,<br>• असिंचित क्षेत्र र कम उर्वर जमिनलाई प्राथमिता दिईने। | • बीउमा अनुदान<br>• बजारीकरण सामग्री उपकरण (डिजिटल तराजु, बोरा खरिद तथा छपाई, बोरा सिउने मेसिन आदि) रैथाने बालीको प्रशोधनमा सहगोग पुऱ्याउने साधारण कुटानी पिसानी मेसिन आदी। | कार्यक्रमको लागि कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। | |
| | | | • सहभागीतात्मक जातीय छनौट तथा प्रदर्शन गरी passport data का आधारमा पञ्जीकरण,<br>• जनचेतनामूलक कार्यक्रम सञ्चालन,<br>• ब्रान्डिङ्ग तथा लेबलिङ्गमा सहजिकरण। | कार्यालय वा स्थानीय तहका कृषि प्राविधिकले सञ्चालन गर्ने १०० प्रतिशत। | |

| क.सं | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ७ | मौरी विकास कार्यक्रम | • मौरी सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका व्यवसायीलाई प्राथमिकता दिइने,<br>• मौरी सहितको कम्तीमा ५० घार मौरी पालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | • आधार चाका, प्याकेजीङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण (मह, कुट र मैन) तथा अन्य आवश्यक उपकरण खरिद,<br>• उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा उपकरण। | एउटा अनुदानग्राहीलाई बढीमा १ लाख वा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ। | |
| ८ | फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | • फलफूल नर्सरीहरू सुदृढीकरण गरी उत्पादन क्षमता र गुणस्तरीयता अभिवृद्धि गर्न,<br>• वार्षिक रुपमा कम्तिमा २०,००० गुणस्तरीय फलफूलका विरूवा उत्पादन गर्नुपर्ने,<br>• उल्लेखित विरुवा उत्पादनको लागि माउबोट लगाउने क्षेत्र कम्तीमा १ हेक्टरको हुनुपर्ने। | • पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायतका कार्यमा,<br>• सेड/ग्रीन/नेट हाउस लगायत औजार/उपकरण(फुट स्प्रेयर, प्रुनर, बडिङ्ग नाइफ आदि) खरिद/निर्माण,<br>• फलफूल नर्सरी व्यवस्थापनका लागि तालिम,<br>• माऊ बोटको लागि बेर्ना खरिद आदी । | कूल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम ३ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। | |
| ९ | लिची बगैंचा सुदृढीकरण | • लिची बगैंचाको सुदृढीकरणको लागि एउटा क्लष्टरमा १ हेक्टर हुने गरी ६ वटा प्लटमा प्रति प्लट कम्तिमा १५ बोट लिची रोपेको कृषकलाई कार्यक्रममा सहभागी गराउने। | • मलखाद व्यवस्थापन,<br>• सिंचाई व्यवस्थापन,<br>• रोग कीरा व्यवस्थापन,<br>• काँटछाँट,<br>• तालीम तथा कार्यशाला। | -प्राङ्गारिक मल, रोग नाशक एवं किटनाशक विषादी, शुक्ष्मतत्व एवं हर्मोन तथा आरी, सीकेचर/प्रुनिङ्ग-सः आदीमा ५० प्रतिशत वा प्रतिहेक्टर अधिकतम रु. १ लाखमा जुन कम हुन आउछ सो रकम अनुदान दिने। | |
| १० | मौरी चरन क्षेत्र विस्तार कार्यक्रम | • सामुदायिक/कबुलियती/ऐलानी/व्यक्तिगत वन, निजी जग्गा, सार्वजनिक जग्गा, गुठी, धार्मिक स्थलहरुमा कार्यक्रम सञ्चालन हुने। | • चिउरी, कल्की लगायत अन्य मौरी चरनमैत्री विरुवा तथा सिजनल बीउ दिन सकिने,<br>• विरुवाको मूल्य र ढुवानी, खाडल खन्ने खर्च, मल र रोपणमा सहयोग गर्ने। | प्रति विरुवा रु. १०० वा परेको मुल्यको ५०% जुन कम हुन्छ सो वरावरको स्थलगत निरिक्षण पश्चायत दिईने र मौसमि बालिको हकमा विउ मुल्यमा ५० प्रतिशत रकम दिन सकिने। | |
| ११ | पहाडी उखु प्रशोधन सहयोग कार्यक्रम | • सहभागी कृषकले कम्तिमा १ हेक्टर उखु लगाएको हुनु पर्ने,<br>• सहयोग पाएका कृषकले साना कृषकको उखु सहुलियत दरमा प्रशोधन गरी दिनु पर्ने । | • साना उखु पेल्ने मेशीन,<br>• शील गर्ने मेशीन,<br>• प्याकेजीङ्ग सामग्री,<br>• उखु प्रशोधन तालीम। | • औजार उपकरणमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। | |